# सूर्यविनायक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कटुन्जे, भक्तपुर, बागमती प्रदेश, नेपाल

# आन्तरिक आयको सिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७९/०४/०२**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सूर्यविनायक नगरपालिकाको आन्तरिक आय सङ्कलन (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधि, २०७५ र नगरसभाको ११औं अधिवेशनबाट पारित आर्थिक ऐन, २०७९ को प्रावधान अनुसार देहायका शीर्षकहरूको राजस्व असुली सम्बन्धी कार्य ठेक्का मार्फत गराउन यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएको मितिले तोकिएको म्यादभित्र कानूनी प्रक्रिया पूरा गरेका इच्छुक फर्महरूले बोलपत्र खरिद गरी देहायको मिति र समयभित्र सिलबन्दी बोलपत्र यस कार्यालयमा पेस गर्नुपर्नेछ। थप जानकारीका लागि कार्यालय समयभित्र नगरपालिकाको कार्यालयमा सम्पर्क राख्न सकिनेछ।

| आय ठेक्का नं. | ठेक्का विवरण | आय सङ्कलन गर्ने क्षेत्र | आय सङ्कलन दर भ्याट सहित | कुल न्यूनतम अङ्क कर तथा भ्याट बाहेक | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|
| १/२०७९-८० | कवाडी कर सङ्कलन | सूर्यविनायक नगरपालिकाभरि | आर्थिक ऐन, २०७९ को अनुसूची ४ मा उल्लेखित दर | १४,००,००० | ३,००० |
| २/२०७९-८० | साँगाको झोलुङ्गे पुल प्रवेश शुल्क एवं उक्त क्षेत्रमा रहेका टहराहरूको बहाल बिटौरी समेत | सूनपा वडा नं ९ र १० क्षेत्रमा रहेको झोलुङ्गे पुल क्षेत्र | पटक शुल्क प्रति व्यक्ति रु. २०/- र नियमानुसार बहाल बिटौरी | २५,००,००० | ३,००० |
| ३/२०७९-८० | विज्ञापन कर सङ्कलन | सूर्यविनायक नगरपालिका भरिको क्षेत्र, आकाशे पुल एवं विद्युतीय पोल समेत | सू.न.पा. आर्थिक ऐन, २०७९ को अनुसूची ६ बमोजिमको दर | ५२,००,००० | ३,००० |

**सूर्यविनायक नगरपालिकाको आय ठेक्का सम्बन्धी सर्तहरू :**

१. ठेक्का अवधि : ठेक्का सम्झौता भएको मितिदेखि लागू भई २ वर्षसम्म कायम रहने छ। एक आर्थिक वर्ष समाप्त भए पश्चात् कबोल अङ्कमा १० प्रतिशत स्वतः थप हुनेछ।

२. माथि उल्लेखित ठेक्काहरूमा भएको राजस्व दर मू.अ.कर सहितको दर हो भने कुल न्यूनतम अङ्क मू.अ.कर बाहेकको अङ्क हो। बोलपत्र दाताले कबोल गरेको अङ्कको १३ प्रतिशतले हुन आउने मू.अ.कर रकम आन्तरिक राजस्व कार्यालयमा जम्मा गरी सोको विवरण यस कार्यालयमा पेस गर्नुपर्नेछ।

३. धरौटी बापत कबोल अङ्कको ५ प्रतिशतले हुन आउने रकम यस कार्यालयको एन.आई.सी. एसिया बैंकमा रहेको **धरौटी खाता नं. ००८२०५००४२१२००१७** मा जम्मा गरेको भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त 'क' वर्गको बैंकबाट जारी भएको १२० दिनसम्म म्याद भएको बिड जमानतको सक्कलै प्रति सिलबन्दी बोलपत्र साथ पेस गर्नुपर्नेछ।

४. बोलपत्र दस्तुर बापत तोकिएको रकम यस कार्यालयको एन.आई.सी.एसिया बैंकमा रहेको **आन्तरिक आय खाता नं. ००८२०५००४२१२०००३** मा जम्मा गरी बोलपत्र फाराम प्राप्त गर्न सकिनेछ।

५. कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

६. बोलपत्रमा कुनै पनि सर्त मान्य हुनेछैन। रीत नपुगेको बोलपत्र उपर कुनै कारबाही हुनेछैन।

७. माथि उल्लेखित आय ठेक्काका लागि सूचना प्रकाशित भएको मितिले ३०औं दिनसम्म कार्यालय समयभित्र बोलपत्र फाराम खरिद गरी ३१औं दिनको १२ बजेभित्र यस कार्यालयमा बुझाउनुपर्नेछ। प्राप्त भएको बोलपत्र दिनको १ बजे यस कार्यालयमा खोलिनेछ।

८. बोलपत्र फाराम खरिद गर्ने र दाखिला गर्ने दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट बोलपत्र खरिद तथा दाखिला गरिनेछ।

९. आय बोलपत्र सम्बन्धी अन्य सर्त एवं विस्तृत विवरण कार्यालयको सूचना पाटी एवं वेबसाइटमा प्रकाशित सूचना बमोजिम हुनेछ।

**सूर्यविनायक नगरपालिका**
**कटुन्जे, भक्तपुर**

# सूर्यविनायक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कटुञ्जे, भक्तपुर

**आन्तरिक आयको शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७९।०४।०२

**बोलपत्र सम्बन्धी अन्य शर्तहरु**

१० ठेक्का कबोल गर्ने ठेकेदारले सूनपाले तोकेको कर उठाउँदा प्रयोग गर्ने रसिदहरु ठेकेदारहरुले आफ्नो तर्फबाट छपाई प्रयोग गनुपर्नेछ । उक्त रसिदहरुको अभिलेख यस कार्यालयमा समेत उपलब्ध गराउनु पर्नेछ ।

११ ठेकेदारले उठाउने कर शुल्क कार्यालयद्वारा तोकिएको संकलन केन्द्रमा नै उठाउनु पर्नेछ साथै दररेट सहितको साइनबोर्ड सबैले देख्ने गरी सम्बन्धित केन्द्रमा राखिएको हुनुपर्नेछ ।

१२ ठेक्कामा कुनै विवाद भएमा सूनपाको निर्णय अन्तिम हुनेछ ।

१३ नपालाई बुझाउनु पर्ने बाँकी बक्यौता भएको व्यक्ति/फर्मको बोलपत्र स्वीकृत हुने छैन ।

१४ प्रत्येक ठेक्काको छुट्टाछुट्टै खाममा बोलपत्र शिलबन्दी गरी पेश गर्नुपर्नेछ ।

१५ बोलपत्रमा भरेको रकम अङ्क र अक्षरमा स्पष्ट उल्लेख भएको हुनुपर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

१६ तोकिएको समयमा तोकिएको किस्ता रकम बुझाउनु पर्नेछ । अन्तिम किस्ता रकम समेत तोकिएको समयमा नबुझाएमा पेश गरिएको बैंक जमानतबाट सम्झौता अनुसार ठेक्का रकम असुल उपर गरिनेछ । सो मा ठेकेदारले कुनै किसिमको हर्जाना दाबी गर्न पाउनेछैन ।

१७ कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।

१८ प्रचलित ऐन, नियम, कानून, सम्झौता र सूचनाको शर्त विपरित कार्य गरेमा जुनसुकै अवस्थामा पनि कार्यालयले ठेक्का तोड्न सक्नेछ र त्यसबाट कार्यालयलाई हानी नोक्सानी भएमा ठेक्का लिने पक्षबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

१९ कार्यालय प्रमुख वा अख्तियार प्राप्त अधिकृतबाट प्रमाणित बोलपत्रलाई मात्र मान्यता दिइनेछ ।

२० यस कार्यालयमा पेश हुन आएका बोलपत्रहरु बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि सो समयमा उपस्थित नभए पनि कार्यालय प्रतिनिधिको रोहेवरमा खोल्न सकिनेछ ।

२१ बोलपत्र पेश गर्दा पेश गर्ने फर्म वा कम्पनीको व्यवसाय नविकरण प्रमाणपत्र, स्थायी लेखा नम्बर (पान), मु.अ.कर प्रमाणपत्रको प्रतिलिपि र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न राखी पेश गर्नुपनेछ ।

२२ उपरोक्त अनुसार उल्लेख भएका शर्तहरुको हकमा यसै अनुसार हुने र उल्लेख नभएका कुराहरुको हकमा प्रचलित ऐन, कानुन, तथा ठेक्का स्वीकृत पश्चात गरिने सम्झौता अनुसार हुनेछ ।

२३ यस सूचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पुरा नभएका बोलपत्रहरु मुल्यांकनमा समावेश गरिने छैन ।

२४ आय ठेक्का नं.३/२०७९-८० का सम्बन्धमा दुईवटा नगरपालिकाको सीमाना क्षेत्रका संरचनाहरुमा आधा मात्र यस नगरपालिको हुनेछ । नगरपालिका कानुन बमोजिम निषेध गरिएका र निषेधित विषय वस्तुहरुको विज्ञापन गर्ने गराउने र सो वापतको शुल्क असुली गर्न पाईने छैन ।

२५ यस सूचनामा उल्लेखित कुराहरु यसै बमोजिम र अन्य कुराहरु नेपाल सरकारको प्रचलित ऐन कानुन बमोजिम हुनेछन् ।

# सूर्यविनायक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कटुञ्जे, भक्तपुर

**आन्तरिक आयको शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति २०७९।०४।०२

२६ बोलपत्र स्वीकृत भएका बोलपत्रदाताले कबोल गरेको कुल रकम एकमुष्ट बुझाउनु पर्नेछ यसरी एकमुष्ठ रकम नबुझाएमा कुल कबोल अङ्क मध्ये देहायको अनुसार पहिलो किस्तामा बुझाउनुपर्नेछ र बाँकि रकम निर्धारित ढाँचामा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकबाट जारी जमानत ( परफरमेन्स बण्ड) पेश गरे पश्चात मात्र ठेक्का सम्झौता गरी कार्यदेश दिइनेछ ।

२७ स्वीकृत बोलपत्रदाताले आय रकमको भुक्तानी देहाय अनुसार हुनेछ ।

| किस्ता | किस्ता बुझाउनुपर्ने मिति | रकम रु. |
|---|---|---|
| पहिलो | सम्झौताको मितिमा | कबोल अंकको २५ प्रतिशत |
| दोस्रो | माघ मसान्त भित्र | कबोल अंकको ३५ प्रतिशत |
| तेस्रो | असार मसान्त भित्र | कबोल अंकको ४० प्रतिशत |

२८ बहुवर्षीय ठेक्काको हकमा बैंक जमानतको म्याद प्रत्येक वर्ष थप गरी आ. व. शुरु हुनु अगावै नगरपालिका कार्यालयमा पेश गर्नुपर्नेछ ।

२९ .आय ठेक्का न.२/२०७९-८० को हकमा झोलुंगे पुल रहेको स्थानमा सडकको क्षेत्र बाहिर बनेका र अब बन्ने सक्ने टहराको संख्या र क्षेत्र नगरपालिकाकाले निर्धारण गरे बमोजिम हुनेछ । सूर्यविनायक नगरपालिका वडा न.९ र १० का स्थायी नागरिकहरुलाई झो.पु प्रवेश शुल्क लिन पाईने छैन र सूर्यविनायक नगरपालिकाको अन्य वडाका स्थायी नागरिकहरुलाई तोकिएको दरको ५० प्रतिशत मात्र शुल्क लिन पाईने छ ।

३० अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ ।